**सेतागाया सहरद्वारा सञ्चालन गरिने प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्ना गर्ने प्रक्रियाको बारेमा (विदेशी राष्ट्रियता भएका व्यक्तिहरूका लागि)**

यदि तपाईं प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने उमेरका विदेशी राष्ट्रियता भएका बालबालिकालाई सेतागाया सहरद्वारा सञ्चालन गरिने प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्ना गराउन चाहनुहुन्छ भने तपाईंले सेतागाया सहर कार्यालय, शिक्षा परिषद् कार्यालय विद्यालय मामिला शाखाको काउन्टरमा भर्नाको प्रक्रिया गर्नुपर्नेछ (यो प्रक्रिया कुमिन काउन्टर वा शाखा कार्यालयहरूमा गर्न सकिँदैन)।

प्रक्रिया गर्ने स्थान: सेतागाया सहर शिक्षा परिषद् कार्यालय विद्यालय मामिला शाखा
(सेतागाया सहर सेतागाया 4-21-27)
फोन 03-5432-2683
खुला रहने समय: सोमबार～शुक्रबार 8:30～17:00
(सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य र सुरुको अवधि बाहेक)
ध्यान दिनुपर्ने कुराहरू: अभिभावक (बुबा अथवा आमा आदि) ले प्रक्रिया गर्नुहोस्। अभिभावक बाहेकको व्यक्तिले प्रक्रिया गर्ने खण्डमा, अधिकारपत्र आवश्यक पर्नेछ। प्रक्रियाको लागि अग्रिम रूपमा नाम लेखाउनुपर्दैन। प्रक्रियाको बेलामा आफ्नो बच्चाको रेजिडेन्स कार्ड लिएर आउनुहोस्।

○ "जापानी भाषा बोल्न नसक्ने र नबुझ्ने" हुनाले विद्यालय जीवन सम्बन्धी चिन्ता भएका व्यक्तिहरूको लागि

सेतागाया सहरमा स्वदेश फिर्ता तथा विदेशी नागरिक शिक्षा परामर्श कक्षको स्थापना गरी, जापानी भाषा बोल्न नसक्ने र नबुझ्ने प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि, विद्यालयमा सहायक पठाउने, विद्यालयले अभिभावकलाई सम्पर्क आदि गर्नको लागि दोभासे आवश्यक परेको खण्डमा, विद्यालयमा दोभासे पठाउने जस्ता विभिन्न सहयोग गरिन्छ। साथै उमेगाओका निम्न माध्यमिक विद्यालयको क्लास प्रयोग गरी सानो संख्यामा सामूहिक रूपमा पढाउने "अतिरिक्त क्लास" पनि सञ्चालन भइरहेको छ। विस्तृत जानकारीको लागि "योउकोसो" (अंग्रेजी, चाइनिज र कोरियन भाषाको अनुवाद छ) हेर्नुहोस् अथवा सिधै स्वदेश फिर्ता तथा विदेशी नागरिक शिक्षा परामर्श कक्षमा सम्पर्क गर्नुहोस्।

स्वदेश फिर्ता तथा विदेशी नागरिक शिक्षा परामर्श कक्ष (उमेगाओका निम्न माध्यमिक विद्यालय भित्र)
फोन/फ्याक्स 03-3322-7776